# माङसेबुङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय इभाङ्ग, इलाम

१ न. प्रदेश, नेपाल

## ढुंगा, गिटी, बालुवा बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०७६।८।२० गते)

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले आफनो क्षेत्र भित्र आन्तारिक आय संकलन गर्ने सक्ने प्रावधान भए बमोजिम यस माङसेबुङ गाउँपालिकाले आ. ब. ०७६।७७ का लागि तपसलिका बस्तुहरुमा बिक्रि मुल्य असुल ठेक्का बन्दोबस्त मार्फत गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट फर्म दर्ता प्रमाण पत्र, ०७६।७७ को नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आ.व.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी निम्न बमोजिमको रित पुर्‍याई उल्लेखित समयावधि भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि सुचना प्रकाशित गरिन्छ।

| संकेत नं. | विवरण | ठेक्काको न्यूनतम अंक (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| आय ४।०७६।०७७ | यस गाउँपालिका क्षेत्रभित्रका मावाखोला र रतुवाखोला मध्ये वन क्षेत्र बाहेकका क्षेत्रहरुमा आइ. ई. ई. प्रतिवेदनले उत्खनन् गर्न दिएको परिमाणमा ढुंगा, गिटी, बालुवाको बिक्री मुल्य असुली। | ५८,९७,२००।०० (अन्ठाउन्न लाख सन्ताउन्न हजार दुई सय) | ३०००।० (तीन हजार) |

१। **दरभाउ पत्र फाराम खरिद गर्ने मिति, समय र स्थान :-** सुचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म कार्यालय समय भित्र माङसेबुङ गाँउपालिकाको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **संचित कोष खाता 0690100000026201** मा रु. ३०००।० (पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर संलग्न राखी बोलपत्र फाराम खरिद गर्न सकिनेछ। यस कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

२। एक फर्म वा संस्थाको नाममा ठेक्काको एक वटा मात्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३। **बोलपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :-** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ।

४। **बोलपत्र खोल्ने मिति, समय र स्थान :-** दाखिला हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १:०० बजे यस कार्यालयका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

५। **बोलपत्रका साथ संलग्न गर्नुपर्ने धरौटी र खाता नं. :-** बोलपत्र साथ बोलपत्रदाताले कबुल गरेको अंकको ५% प्रतिशत (नेपाली नागरिकको हकमा) र विदेशी नागरिकको हकमा कबुल गरेको अंकको १०% प्रतिशतले हुन आउने रकम यस माङसेबुङ गाँउपालिकाको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **धरौटी खाता नं. 0690100000029201** मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिनको म्याद भएको जमानत पत्र (बिडवण्ड) शिलबन्दी बोलपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ।

६। **धरौटी जफत हुने :-** ठेक्का स्वीकृत भएपछि सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र ठेक्कापट्टा सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा राखिएको धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुन: दरभाउपत्र आव्हान गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

७। **कबोल रकम दाखिला सम्बन्धी व्यवस्था :-** स्वीकृत बोलपत्रदाताले कबोल बमोजिमको बार्षिक ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ। स्वीकृत बोलपत्रदाताले किस्ताबन्दिमा रकम बुझाउन चाहेमा कबोल अंकको ५० (पचास) प्रतिशतले हुन आउने रकम पहिलो किस्ता वापत स्थानीय सञ्चित कोष खातामा जम्मा गरी बांकी ५० प्रतिशत रकम बराबरको ठेक्का सम्झौता अवधिसम्मको समयावधि भएको बाणिज्य बैंकको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ। दोस्रो किस्ता कबोल अंकको २५ प्रतिशतले हुने रकम फाल्गुण मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको २५ प्रतिशतले हुने रकम बैशाख मसान्तभित्र कार्यालयमा जम्मा गरी सक्नु पर्नेछ।

८। **मूल्य निर्धारण :-** ठेक्काहरुमा ठेकेदारले उठाउन पाउने मूल्य (दररेट) सम्बन्धित बोलपत्रमा नै समावेश गरिएको छ।

९। बोलपत्रमा कबोल अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१०। ठेकेदारले क्षतिपूर्ति वा मिनाहा इत्यादी कार्यालयसँग माग गर्न पाउनेछैन।

११। ठेक्का चलन गर्दा कुनै पनि किसिमको बाधा अड्चनआई परेमा ऐन नियम तथा सम्झौताको परिधीभित्र रही कार्यान्वयन गर्नु गराउनु पर्नेछ साथै कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ र सो लाई ठेकेदारले मान्नु पर्नेछ।

१२। **रसिदको व्यवस्था :-** ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिमको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र रसिद नम्बर दाखिला गरी मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१३। **अधिकार :-** कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त राखिएमा मान्य हुने छैन।

१४। ढुंगा, गिटी, बालुवा बिक्रि अबधि सम्झौता भएको मितिबाट २०७७ जेष्ठ मसान्तसम्म कायम रहनेछ।

१५। आइ. ई. ई. प्रतिवेदनमा उल्लेख भएका क्षेत्रहरु बाहेक अन्य कुनै पनि क्षेत्र वा संरचनाहरुमा क्षति पुग्ने गरी वा निजी जग्गा प्रयोग गर्ने गरी खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

१६। गाउँपालिकालाई तिर्न बुझाउन बांकी बक्यौता रहेका व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रकृयामा संलग्न गरिने छैन।

१७। यसमा नपरेका अन्य बिषयहरु प्रचलित कानूनमा उल्लेख गरिए बमोजिम हुनेछ।

१८। **अन्य जानकारी :-** कार्यालयको वेब साइट www.mansebungmun.gov.np बाट थप जानकारी प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**